बैठक नं: ०४

## रामग्राम नगरपालिकाको मिति २०७९।०३।०६ गतेको नगर कार्यपालिका बैठकमा पेश भएका

प्रस्ताव नं. १ : रामग्राम नगरापालिकामा उपभोक्ता समिति गठन , परिचालन र व्यवस्थापन कार्यविधि, २०७५ सम्बन्धमा ।
प्रस्ताव नं. २ : कार्यपालिकाका विषयगत समितिका सदस्य सचिव मनोनयन सम्बन्धमा ।
प्रस्ताव नं. ३ : सम्झौता रद्ध गर्ने सम्बन्धमा ।
प्रस्ताव नं. ४ : इन्धनको रकमान्तर सम्बन्धमा ।
प्रस्ताव नं. ५ : आधारभूत विद्यालय लोहसडामा निर्मित भवन फिनिसिङ गर्न कार्यको म्याद थप सम्बन्धमा ।
प्रस्ताव नं. ६: घर नक्साको म्याद थप सम्बन्धमा ।
प्रस्ताव नं. ७ : अघिल्लो बैठकको समिक्षा सम्बन्धमा ।

निर्णयहरु :

निर्णय नं. १ : प्रस्ताव नं. १ माथि छलफल गर्दा प्रस्तुत सम्बन्धमा यस रामग्राम नगरपालिकाको नगर कार्यपालिकाबाट स्वीकृत रामग्राम नगरापालिकामा उपभोक्ता समिति गठन , परिचालन र व्यवस्थापन कार्यविधि, २०७५ मा तपसिल बमोजिम आवश्यक व्यवस्था थप गर्ने निर्णय गरियो ।

तपसिल:

| थप गर्नु पर्ने व्यवस्था |
|---|
| १.म्याद थप सम्बन्धी व्यवस्था :<br>यस कार्यविधिमा व्यवस्था बमोजिम गठित उपभोक्ता समिति तथा अन्य संस्थाहरुले समयमा आयोजना/कार्यक्रम सम्पन्न गर्न नसकेको भनि यस कार्यालयमा निवेदन पेश गरेमा सोको म्याद थप यस कार्यपालिकाको निर्णय अनुसार हुनेछ । |

निर्णय नं. २: प्रस्ताव नं. २ माथि छलफल गर्दा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २२ मा सभाले आफ्नो कार्यपालिकालाई व्यवस्थित गर्न नियमावली बनाई कार्यपालिका संयोजकत्वमा विभिन्न समिति गठन गर्न सक्ने व्यवस्था रहेको, साथै स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन , २०७८ को दफा २.४.२ मा भएको व्यवस्था बमोजिम रामग्राम नगर कार्यपालिकामा रहने देहायका विषयगत समितिहरुको रुपमा देहायका कर्मचारीहरुलाई सदस्य -सचिव मनोनयन गर्ने निर्णय गरियो । तपसिल :

कार्यपालिकाले तोकेको सम्वन्धित विषय क्षेत्रको महाशाखा/शाखा प्रमुख - सदस्य सचिव

| क्र.स. | विषयगत समितिको नाम | कार्यपालिकाले तोकेको सम्वन्धित विषय क्षेत्रको महाशाखा/शाखा प्रमुख |
|---|---|---|
| १. | आर्थिक विकास समिति | श्री निर्मला पोखेल |
| २. | सामाजिक विकास समिति | श्री रुद्र प्रसाद रेग्मी |
| ३. | पूर्वाधार विकास समिति | श्री शतिष कुमार गुप्ता |
| ४. | वातावरण तथा विपद व्यवस्थापन समिति | श्री माधव न्यौपाने |
| ५. | संस्थागत विकास र सुशासन समिति | श्री रामलाल भुसाल |

निर्णय नं. ३: प्रस्ताव नं. ३ माथि छलफल गर्दा नेपाल पत्रकार महासंघ जिल्ला शाखा पश्चिम नवलपरासीको मिति २०७९।०२।२९ गतेको निवेदनानुसार पत्रकार महासंघले यस कार्यालय सँग सम्झौता गरेको रु. १०,००,००० रकमको पत्रकार महासंघको भवन निर्माण योजना संचालन गर्न नसकेको हुँदा आगामी आ.व. ०७९।०८० मा उक्त योजना अल्या गर्न माग गरेकोमा पत्रकार महासंघसँग गरिएको सो सम्झौता रद्ध गर्ने निर्णय गरियो ।

निर्णय नं. ४: प्रस्ताव नं. ४ माथि छलफल गर्दा रामग्राम नगरपालिकाको आ.व. ०७८/०७९ का लागि नगर सभाबाट पारित निम्न खर्च शिर्षकमा रकम खर्च गर्न नपुग देखिएकाले रामग्राम नगरपालिकाको आर्थिक कार्यविधी नियमित तथा व्यवस्थित गर्न बनेका कानुन, २०७५ को दफा (९) को उप दफा (१) बमोजिम तपसिल अनुसार रकमान्तर गर्ने निर्णय गरियो ।

तपसिल :

| रकमान्तरबाट घटाउने शीर्षक | | | | | | रकमान्तर बाट थप हुने शीर्षक | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| खर्च संकेत | खर्च शिर्षक | बार्षिक बजेट | घटाउने रकम | वार्षिक कायम हुने बजेट | बजेट श्रोत | खर्च संकेत | खर्च शिर्षक | वार्षिक बजेट | बढाउने रकम | वार्षिक कायम हुने बजेट | बजेट श्रोत |
| २२४१३ | करार सेवा शुल्क | २०८५३६००।०० | ४०००००।०० | २०४५३६००।०० | संघीय सरकार राजश्व बाडफाड | २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | १६०००००।०० | ३०००००।०० | १९०००००।०० | संघिय सरकार राजश्व बाडफाड |
| | | | | | | २५३१२ | अन्य संस्था सहायता (आसा) | ५०००००।०० | १०००००।०० | ६००००।०० | संघीय सरकार राजश्व बाडफाड |

निर्णय नं. ५: प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस चालु आ.व. २०७८/२०७९ मा प्रदेश सरकार राजश्व बाँडफाड अन्तरगर्त रु.८,००,०००।- (अक्षेरुपी आठ लाख) विनियोजित आधारभूत विद्यालय लोहसडामा निर्मित भवन फिनिसिङ गर्न कार्यको मिति २०७८।१२।०९ मा सम्झौता भई कार्य शुरु भएकोमा स्थानिय तह निर्वाचनले गर्दा उक्त कार्य प्रभावित भएकोले मिति २०७९।०३।१५ सम्म म्याद थप गर्ने निर्णय गरियो।

निर्णय नं. ६ : प्रस्ताव नं. ६ माथि छलफल गर्दा विगतका दुई वर्षबाट चलिरहेको कोभिड १९ को लहरका साथै अन्य विभिन्न कारणले नक्सा पासको प्रकियामा भएको विलम्बलाई मध्य नजर गर्दै कोभिड अवधि २०७६ चैत्र १ गतेको लकडाउन देखि २०७९ असार मसान्ससम्म म्याद सम्पन्न/समाप्त भएका/हुने आवसीय घर नक्साको फाइलहरुको नक्सा पासको समयावधि ०७९ पौष मसान्तसम्म म्याद थप गरी नियमानुसार म्याद थप दस्तुर/शुल्क लिई नियमित प्रकियामा ल्याउने निर्णय गरियो।

निर्णय नं. ७ : प्रस्ताव नं.७ माथि छलफल गर्दा अघिल्लो कार्यपालिकाको बैठकमा भएका निर्णयहरुको समिक्षा गरियो।

Scanned with CamScanner